नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३२ अंक ३०१ २०८० साल असार २६ गते मंगलबार (11 July 2023 Tuesday) मूल्य रु. ५/-




**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : 'अई बेर धानके गबो नई.. ३ पृष्ठमा : यस्ता छन् ११ महिनाका ... ३ पृष्ठमा :चीनको पूर्वप्राथमिक विद्यालयमा..

# उपभोक्ता समितिले रकम नपाएपछि राजविराज नगरपालिकामा तालाबन्दी

**दैनिक समाचारदाता**
**राजविराज, २५ असार ।**

उपभोक्ता समितीका पदाधीकारीहरुले सोमबार राजविराज नगरपालिकाको कार्यालयमा तालाबन्दी गरेका छन् ।

राजविराज नगरपालिका मार्फत गरिएको विभिन्न विकास निर्माण कामको भुक्तानी नपाएको भन्दै उनीहरुले तालाबन्दी गरेका हुन् ।

कार्यालयको मुल गेट मै टायर बालेर धर्नामा बसेका आन्दोलनकारीहरुले पाउनु पर्ने रकम अविलम्ब उपलब्ध गराउनु पर्ने एक सुत्रिय माँग अघि सारेका छन् ।

सडक, सामुदायीक भवन, मठमन्दिर, पोखरीघाट प्रवेशद्वारा, विद्यालय भवन, नाला निर्माण लगायतका योजनामा काम गरेवापतको भुक्तानी दिनु पर्ने रकम नदिएको भन्दै आक्रोशित बनेका उनीहरुले अनिश्चितकालन तालाबन्दी गर्नुका साथै नाराबाजी गर्दै धर्नामा समेत बसेका छन् ।

नगरपालिकाका कार्यबाहक नगर प्रमुख इसरत परविन, प्रमुख प्रशासकिय अधिकृत धर्मानन्द जोशी तथा कर्मचारी लगायतले आफ्ना नजिकका मानिसहरुले गरेको कामको समय मै अनुगमन गरी भुक्तानी दिएपनि आफुहरुको भुक्तानी नदिएर रकम फ्रिज गराउन खोजेको बिभिन्न उभोक्ता समितीका पदाधीकारीहरुले आरोप लगाएका छन् ।

उपभोक्ता समितीका अध्यक्ष बिनोद यादबले भने, "मैले गरेका कामको फायल कार्यबाहक नगरपालिका प्रमुख परविन, प्रमुख प्रशासकिय अधिकृत जोशी र योजना तथा लेखा फाँटका कर्मचारीलाई ५ दिन अघि नै दिएर पटक पटक अनुगमनका लागी आग्रह गरे तर, अन्तिम समयमा आएर अनुगमन नै नभएको भन्दै भुक्तानी रोकेर दुख दिने काम भएको छ ।"

आफुहरुको भुक्तानी नहुन्जेल सम्म कार्यालयको तालाबन्दी र धर्ना यथावत रहने अर्का उपभोक्ता समितीका पदाधिकारी लक्ष्मण यादवले बताए ।





समय मै काम गरिदिदा पनि भुक्तानी नहुदा आफुहरुले सुन चाँदी र जग्गा नै धितो राखेर उधारो लिएको निर्माण समाग्रीको भुक्तानी गर्नु पर्ने अवस्था आएको उपभोक्ता समितीका पदाधिकारीहरुले गुनासो गरेका छन् ।

कार्यबाहक नगरप्रमुख र कर्मचारीहरुले आफनो आसेपासे र मागे अनुसारको कमिशन दिएकाहरुको रकम भुक्तानी तत्कालै दिएको तर आफुहरुले कमिशन नदिएकै कारण रकम फ्रिज गराउन खोजेको अधिकाँश उपभोक्ता समितीका पदाधिकारीरुले गुनासो गरेका छन् ।

नगरपालिकाका योजना अधिकृत मनोज यादवले सरवरले ठिक सँग काम नगरेको तथा कर्मचारी -कर्मचारीबीच समन्वयको अभावले गर्दा समयमा भुक्तानी हुन नसकेको लाचारी सुनाए ।

कार्यबाहक नगरप्रमुख परविनले ढिलो गरी कागजात ल्याएको, कतिपयको काम अधुरो रहेको र कतिपयले अन्तिम समयमा मात्र फायल पेश गरेकाले सबै ठाँउमा अनुगमन गर्न सम्भव नभएका कारण भुक्तानी दिन समस्या भएको बताइन् । उनले भुक्तानी रोकिएकाहरुको समस्याबारे आफु पुर्ण जानकार रहेको र समाधानका लागी आवश्यक पहल गर्ने प्रतिबद्धता समेत जनाएकी छिन ।

## स्थानियले सडक अवरुद्ध गरेपछि मरेको बाछीलाई हटाइयो



**दैनिक समाचारदाता**
**राजविराज, २५ असार ।**

विगत चार दिनदेखी मरेको बाछीलाई ब्यबस्थापन गर्न नसक्दा सोमबार बिहान ९ बजदेखी राजविराज वडा नं. ८ स्थित सडकखण्डमा स्थानियले चक्काजाम गरेपछि सम्बन्धीत निकायको ध्यानाकर्षण भएको छ ।

राजविराज वडा नं. ८ स्थित रुपनी सडक खण्डको महेश लुइटेलको घर अगाडी शुक्रबार साँझदेखी उक्त मरेको बाछी रहेको थियो । तर, स्थानिय पालिका र सम्बन्धीत वडाले मरेको बाछीलाई ब्यवस्थापन गर्न कुनै पहल नगरेको भन्दै स्थानियहरुले सो सडकखण्ड अवरुद्ध पारेका थिए ।

स्थानिय सुनिल परियारले भने, "चारदिन देखी मरेको बाछी वडा कार्यालयले उठाउन कुनै पहल नगरेको र बिहानदेखी मरेको बाछी गन्हाउन थालेपछि बाध्य भई सडक अवरुद्ध गरेका हौं ।"

यता सडकमा अवरुद्ध भएपछि राजविराज नगरपालिकाले जेसिभि पठाएर मरेको बाछी उठाएको थियो ।

## ग्यास सिलिन्डर पडकिएर आगलागि

**दैनिक समाचारदाता**
**राजविराज, २५ असार ।**

सप्तरीको हनुमाननगर कंकालनी नगरपालिकामा आइतबार ग्यास सिलिन्डर पडकिएर आगलागि हुँदा ५ लाख मुल्य बराबरको क्षति भएको छ ।

वडा नं. ५ मेहता टोल निवासी नितेश कुमार मेहताको घरमा खाना पकाउने क्रममा ग्यास सिलिन्डर पडकिदा घरमा आगलागि भएको प्रहरीले जनाएको छ ।

आगलागिले घर लगायत घर भित्र रहेको पंखा, खाट, खाद्यान्न, लताकपडा, मोबाइल लगायत जलेर नष्ट भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

आगोलाई स्थानियवासी, प्रहरी र दमकलको सहयोगमा नियन्त्रणमा लिइएको प्रहरीले भनाई छ ।

– क्षयरोग निको हुने रोग हो ।
– यस रोगको निःशुल्क औषधी हरेक स्वास्थ्य केन्द्रमा उपलब्ध छ ।
– क्षयरोगबाट बचौं, बचाऔं ।
– धुम्रपान करत हरान, मद्यपान लेत जान ।
– क्षयरोगको शंका भएमा नजिकको स्वास्थ्य चौकीमा जानुहोस् ।

नेपाल क्षयरोग निवारण संस्था
सप्तरी, शाखा

पखालाबाट बचौं र बचाऔं।

पखाला लाग्न नदिन,
➢ खुलास्थानमा शौच नगरौं, शौचालयको प्रयोग गरौं।
➢ शौचालयको प्रयोगपश्चात र फोहोर चिज छोएपछि साबुनपानीले मिचिमिचि हात धुने गरौं।
➢ खाना बनाउनु खुवाउनु र खानु अघि पनि साबुनपानीले हात धुने गरौं।
➢ उमालेको र फिल्टर गरेको शुद्ध र सफा पानीमात्र पिउने गरौं।
➢ बासी, सडेगलेका र झिंगा भन्किएका खानेकुरा नखाऔं।
➢ खानेपानीको मुहान सफा र सुरक्षित राखौं।
➢ घरका कोठा, आँगन, कौशी, बरण्डा, भान्सा, शौचालय एवं घर वरिपरि सफा राखौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### राजश्व संकलनमा ध्यान पुगोस्

मधेशका विभिन्न जिल्लाहरुमा खुल्ला सीमानाकाका कारण राजश्व वसुलीमा कमी आउने गरेको छ । खुल्ला सीमानाका कै कारण भन्सार छलेर तस्करहरुले समान वारीपारी गरिरहेको कसैसामु लुकेको छैन् । यसप्रति सुरक्षाकर्मी तथा भन्सार कार्यालयले निगरानी बढाउनु पर्ने देखिन्छ । तस्करहरु प्रायगरि रातीको समयमा भारतबाट नेपाल र नेपालबाट भारत सामान ओसारपोसार गर्ने गरेका छन् ।

मधेशका अधिकांश जिल्ला भारतको बिहार राज्यसँग टाँसिएको छ । बिहार सरकारले मदिरा बिक्रि बितरणमा पूर्णरुपले रोक लगाएको अवस्थामा अहिलेको नेपालबाट भारत सबैभन्दा बढी मदिराको तस्करी हुने गरेको छ । भारतमा बढी मुल्यमा बिक्रि हुने सामानहरु नेपालबाट तस्करी समेत हुने गरेको छ । तस्करहरुले साइकल, मोटरसाइकल तथा हातहातै पनि मदिरा पारी पुऱ्याउने गरेका छन् । मदिरा बिहारमा बढी मुल्यमा बिक्रि समेत हुने गरेकाले साना ठूलो सबै तस्करहरु यसमै केन्द्रित छन् । तर, सीमानाकामा तैनाथ सुरक्षाकर्मी समेतलाई प्रलोभनमा पारेर तस्करहरुले राजश्व छल्दै आफ्नो व्यापार फस्टाउँदै गर्दा पनि सम्बन्धीत निकाय मौन छ ।

तसर्थ यस्ता गतिबिधीलाई कडाइका प्रहरी प्रशासन तथा स्थानिय पालिका समेतले गम्भिरतापूर्वक अनुगमन र निरिक्षण गरि राजश्व बृद्धि गर्नेतर्फ ध्यान केन्द्रित गर्नुपर्ने उत्तिकै आवश्यकता रहेको छ ।

# 'अई बेर धानके गबो नई लागल'

**गोपालप्रसाद बराल**

महोत्तरी, २५ असार (रासस) ।

'अई बेर मुँहमे माड लगबाक कोनो उपाय नई सुधैय' (यसपालि मुखमा माड लाग्ने केही उपाय देखिन्न) लामो सास फेर्दै महोत्तरीको भङ्गाहा-४ रामनगरका ६५ वर्षीय किसान गोविन्दलाल खाँ थारुले भन्नुभयो, "धानके गबो नई रोपायल, परिवारक प्रतिपाल केना होतै ?" (धानको गाबो नै लगाउन पाइएन, जहान परिवारको गुजारा केले होला ?) । असार मास (महिना) मा चैत बैशाखको जस्तो हुरहुरे बतासले धुलो उडाउनु खडेरी (अनिकाल) को कुलक्षण भएको थारुको चिन्ता छ ।

थारुजस्तै यहाँका आम किसान अहिले मुख्यबाली भनिने धान लगाउन नपाएपछि चिन्तामा छन् । "अखाढ अन्तिम भगेल, ऐखनधैर रोप हरियाके चाही, मुदा अईबेर पाइनक अभावमे रोपनिए नई भसकल" (असार सकिनै लाग्यो, यतिखेर धानको रोपो हरियो भएर लहलहाउनु पर्ने हो, तर यसपालि पानी नभएर रोपाइँ नै गर्न सकिएन) थारुकै छिमेकी ७० वर्षीय रघुबर महराले मनको पीडा पोख्नुभयो ।

झमझम असारे झरीमा रुझ्दै धान रोप्नु, गोड्नु पर्ने बेला प्रचण्ड घामले घरबाट निस्कन नसकिने भएपछि यहाँका किसानलाई यसपालि अनिकालको चिन्ताले पिरोलेको छ । मध्य असारअघि धानको शाही (बीउ) रोप सकेर अहिले रोपो गोड्ने बेला धानको गाबो नै लाउन नपाएका किसान खडेरीको चिन्ताले पिरोलिएका हुन् ।

"अहिले त पहिलो रोपो लहलहाएर हरियो देखिनु पर्थ्यो, तर हामीले त धानको गब नै हाल्न पाएका छैनौँ", भङ्गाहा-४ रामनगरका ६५ वर्षीय किसान हरिदेव साह भन्नुहुन्छ, "मुख्यबाली धान नै लाउन नपाएपछि घरपरिवार लालाबालाको प्रतिपाल खै कसरी गर्ने होला ?" सबैको समान चिन्ता छ ।

असार तेस्रो साता सकिनै लाग्दा गत मङ्गलबार रातिदेखि बुधबार बिहानसम्मको पानी पराईले अब चाहीँ झरी पर्ला भन्ने लागेको आश उसै दिन मरेको किसान बताउँछन् । "ढिलै भएपनि झरी लाग्लाजस्तो लागेको थियो, तर बुधबार मध्यान्हपूर्व नै टण्टलापुर घाम लाग्यो" मटिहानी-३ का किसान इलियास राइन भन्नुहुन्छ, "अब धान रोप्न पाइने आश छाडे हुनेभयो ।" असार सकिनै लाग्दासम्म बीउ रोप लाउन नसकिएको धानबाट अब हात धोए हुने राइन बिरक्तिदै बताउनुहुन्छ ।

यता हिउँदे धानखेतीमा जेठ मध्यअघि ब्याड राख्ने, असार मध्यअघि शाही (बीउ) रोप सक्ने र साउन मध्यअघि खरुअन (कलम, बीउ रोपको धान गाँजिएपछि त्यो उखेलेर रोपिने) रोपिने स्थापित तालिका छ । तर यसपालि पानीकै अभावले किसानले राम्ररी ब्याड राख्न पनि सकेनन् । धानको हिले ब्याड राम्रो मानिए पनि पानी नभएपछि घर नजिक घुऱ्यानमा थोरथार राखिएको धुले बीउ पनि पानी बेगर पहेंलिएर सुकेको किसानको दुखेसो छ । "अब त पानी परे पनि त्यो बचेखुचेको बीउ रोप्ने/नरोप्ने विचार गर्नपर्ला, बीउमा हाँगा फाटी सकेको हुँदा त्यति छिप्पिएको बीउ रोपेर के फलाउला भन्ने आश गर्नु ?" बलवा नगरपालिका-११ भलनीका जगत यादव भन्नुहुन्छ ।

"वर्षाकाल (याम) भनिने असारमा दिनभरि चर्को घाम र रातभरि आकासमा झलमल्ल तारा देखिन्छन्" जलेश्वर नगरपालिका-६ बखरीका बासिन्दा ऋतु लक्षणका जानकार यस क्षेत्रका स्थापित साहित्यकार ८५ वर्षीय महेश्वर राय भन्नुहुन्छ, "अहिलेको दिन लक्षणले त असारको भनक नै दिंदैन ।" महाकबि कालिदासले आफ्नो कालजयी कृति मेघदूतम्मा असार सङ्क्रान्तिका दिन नै आकाशमा पानी ल्याउने मेघ (बादल) देखिने चर्चा गर्नुभएको रायले स्मरण गर्नुभयो । "महाकवि कालिदासले ऋतु लक्षणका आधारमा असार लाग्नासाथै मेघ मडारिने र वर्षा सुरु हुने सन्दर्भ आफ्नो कृति मेघदूतम्मा जोड्नु भएको छ" सरकारी सेवाबाट अवकास लिनुभएका राय भन्नुहुन्छ, "अब त ती ऋतु विचार सान्दर्भिक देखिन, बुझिन छाडे ।" अवकास जीवनलाई खेतीसँग जोड्न खोजेको आफूलाई मौसमले साथ नदिएको उहाँको भनाइ छ । प्राकृतिक सम्पदा वनजङ्गल, पाखापहरा, नदी, खोल्साखोल्सी र नदी उकास क्षेत्रमाथि अनियन्त्रित खेलवाडले पुराना ऋतु लक्षणका मान्यता खण्डित हुँदै गएका रायको ठहर छ ।

यसपालि गत हिउँददेखि नै खडेरीको लक्षण देखिएको पाका किसान सम्झन्छन् । हिउँदभरि पानी नपरेरै बितेपछि पानीका स्रोतका मुहान (नदी, खोल्साखोल्सी, इनार, बोरिङ्ग, चापाकल, जरुवा) चैतदेखि नै सुक्दै गएर खेती मात्र नभएर धेरै ठाउँमा खानेपानीको समेत हाहाकार परेको छ । सिँचाइको प्रबन्ध नहुनु, समयमा बीउ, मल नपाउनु र खेतीपातीका लागि सुलभ ऋण नपाउनु आफूहरूको दु:ख भएको किसान बताउछन् । तीन तहका सरकार भएपनि आफ्ना हितमा उल्लेखनीय कुनै काम हुन नसकेको आम आधारभूत तहका किसानको गुनासो छ । सरकारले बर्सेनि बजेटमार्फत किसानका सहुलियतका लागि घोषणा गरेका कार्यक्रम टाठाबाठाले नै हजम गरेपछि आफूहरू आकाश ताकेर बिरक्तिनु परेको बर्दिबास-९ पशुपतिनगर टोकीटोलका किसान रामचन्द्र थापा मगर बताउनुहुन्छ ।

जिल्लामा करिब ७१ हजार हेक्टर खेतीयोग्य जग्गा रहेमध्ये ५० हजार हेक्टरको सेरोफेरो धान खेतीका लागि उपयुक्त मानिएको छ । जिल्लाका कूल खेतीयोग्य जग्गामध्ये मुस्किलले १० प्रतिशत मात्र सिंचित (कुलो, नहरको पानी लाग्ने) छ । यसबाहेक सबै जग्गा आकासेपानीको भरमा खेती गर्नुपर्ने हुँदा किसानले जुनसुकै बालीको उपयुक्त बेलामा खेती लगाउन पाएका छैनन् ।

"उ..ल हेर्नुहोस्, हाम्रो ठाउँ त सिंचित भनिएको छ नि !" विगतमा गौरीवास गाविस (बर्दिबास नगरपालिकामा गाभिनअघि) छँदा दुई कार्यकाल अध्यक्ष रहनु भएका पाका किसान ७० वर्षीय नरबहादुर पुलामीले भन्नुभयो, "चर्को घामले मुखको थुक त सुकाउने भयो, पानीको मुहान के टिक्थ्यो ?" पानीको मुहान सुकेर कुलो चल्न छाडेपछि कमिलाका ताँती हिँडेका पुलामीले देखाउनुभयो ।

यसपालि सिञ्चित भनिएका जग्गाको पानीका स्रोतको मुहान लामो खडेरीले सुकाएपछि यस्ता खेतमा पनि धान रोपाइँ पछि परेको छ । असार सकिनै लाग्दासम्म धान रोपाइँ पाँच/छ हजार हेक्टर मात्र भएको कृषि ज्ञान केन्द्र महोत्तरी, जलेश्वरले जनाएको छ । रोपिएको धानको रोपो पनि पानी नपुग्दा पहेंलिंदै गएको कार्यालयका वरिष्ठ कृषि विकास अधिकृत डा. रामचन्द्र यादव बताउनुहुन्छ ।

चुरे पर्वत श्रेणीबाट झर्ने रातु, बडहरी, भब्सी, जङ्घा, मरहा, गणन्ता, ओक्सी, बिग्ही, खयरमारा, टुटेश्वर र बाँकेलगायतका नदी जिल्ला भएर बग्दै एकअर्कोमा मिसिएर भारतको सीतामढी जिल्ला पुग्दछन् । जिल्लाको पूर्व-पश्चिम चौडाइभित्र प्रत्येक दुई किलोमिटरभित्र कुनै न कुनै नदी परे पनि यी नदी किसानको खेतमा पानी पुऱ्याउन नभई बर्खे भेलमा घरखेत, बालीनाली बगाएर विपत्ती दिने मात्र बन्दै आएका यहाँका किसान कटाक्ष गर्छन् । जिल्लाभित्रका नदीबाट खेतबारीमा पानी पुऱ्याउने सपना कुनै तहका सरकारले आफूहरूलाई देखाउन नसकेका भङ्गाहा नगरपालिका-४ का किसान चन्देश्वर राय दनुवारको गुनासो छ ।

जिल्लाको मुख्यबाली धान प्रतिकूल मौसमले लगाउन नपाएपछि यसपालि अन्नको सङ्कट बढ्ने आम किसानको चिन्ता छ । यसैबीच कृषि ज्ञान केन्द्र महोत्तरी जलेश्वर कार्यालयका कृषि विज्ञले भने अझै पानी परे नयाँ बीउ राखेर १५ दिनभित्र रोपाइँ गर्न सकिने बताएका छन् । तर पानी नपरे अब अहिलेदेखि नै कम पानीमा गर्न सकिने बाली लगाउने तयारी गर्नपर्ने विज्ञको सुझाव छ । हिँउदे लहरे तरकारी, कात्तिक लाग्दै गहुँ लगाउने तयारी र अन्य तरकारी बाली लगाइए जाडो मौसम लागेपछि पानीबिना बाली डढ्ने स्थिति त्यति नरहने वरिष्ठ कृषि विकास अधिकृत डा. यादवको सुझाव छ ।

सर्वसाधारण किसानले भने आफ्ना जनप्रतिनिधिलाई धेरै विकासे कुरा गर्न छाडेर सिंचाइको व्यवस्थाका लागि विभिन्न विकल्पको खोजी गर्न आग्रह गरेका छन् । "सबै कुराको मुख्य जरो हाम्रा लागि खेती नै हो भन्ने कुरा हाम्रा जनप्रतिनिधिले बुझी दिनुपऱ्यो" जिल्लाको गौशाला नगरपालिकाको बटौवा बस्तीका किसान लक्ष्मी महतो भन्नुहुन्छ, "खेती भन्नासाथ सिँचाइको कुरा पहिलो प्राथमिकतामै पर्छ, यसका विभिन्न विकल्पबारे अब तीनै तहका सरकारले खोजबिन गर्नुपऱ्यो ।"

पछिल्ला छ वर्षयता स्थानीय तहमा जनताका प्रतिनिधिको शासन छ । मुख्य रुपले जनताका मर्का र समस्या तत्कालै बुझ्न, हेर्न सक्ने स्थानीय सरकार (स्थानीय तह) ले यसको पहलकदमी लिइदिन पर्ने बर्दिबास-९ पशुपतिनगरका ७५ वर्षीय किसान नथुनी महतो बताउनुहुन्छ ।

जिल्लाका १५ स्थानीयतहले कृषिलक्षित विभिन्न घोषणा गरे पनि सिँचाइको समुचित प्रबन्ध हुन नसक्दासम्म ती प्रभावकारी नबनेका किसानको भनाइ छ । स्थानीय तहले फलफूलका बिरुवा बाँड्ने, कहीकहीँ नमुना बीउबिजन दिने र पशुपालक किसानलाई घाँसका बीउ/बिरुवा केही उदाहरण भएपनि कृषिमा नयाँ क्रान्ति नै ल्याउने गरी कसैले नसोचेका किसानको गुनासो छ । आफूहरूलाई समेत अभियानमा सरिक गराउने गरी विशेष कृषि अभियान सञ्चालन गर्न भङ्गाहा-४ का किसान सत्यनारायण यादवले आफ्ना जनप्रतिनिधिलाई सुझाउनु भएको छ ।

अब यसपालि असार सकिनै

*बाँकी तीन पृष्ठमा*


**डा. ललन प्रसाद रौनियार**
**Dr. Lalan Prasad Rauniyar**
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

**डा. सन्तोष प्रसाद शाह**
**Dr. Santosh Prasad Sah**
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
**कन्सलटेन्ट फिजिसियन**

**डा. यमेश यादव**
**Dr. Yamesh Yadav**
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
**जेनरल सर्जन**

**डा. सरोज कुमार साह**
**Dr. Saroj Kumar Sah**
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**

**डा. जयन्ती यादव**
**Dr. Jayanti Yadav**
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**

सम्पर्क :
**कृताञ्जली मेडिकल हँल**
राजविराज
Mo. No : 9842830252, 9804605569

# यस्ता छन् ११ महिनाका आर्थिक सूचक

काठमाडौँ, २५ असार (रासस)।

चालु आर्थिक वर्षको जेठसम्म शोधनान्तर स्थितिमा सुधार देखिएको छ।

नेपाल राष्ट्र बैंकले सोमबार सार्वजनिक गरेको देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति प्रतिवेदनमा शोधनान्तर स्थिति जेठ मसान्तसम्म रू दुई खर्ब २८ अर्ब ९८ करोडले बचतमा छ। अघिल्लो वर्षको सोही अवधिमा शोधनान्तर स्थिति रु दुई खर्ब ६९ अर्ब ८१ करोडले घाटामा थियो। अमेरिकी डलरमा अघिल्लो वर्षको सोही अवधिमा दुई अर्ब २६ करोडले घाटामा रहेको शोधनान्तर स्थिति समीक्षा अवधिमा एक अर्ब ७४ करोडले बचतमा छ।

प्रतिवेदनअनुसार वार्षिक बिन्दुगत आधारमा उपभोक्ता मूल्य सूचकाङ्कमा आधारित मुद्रास्फीति छ दशमलव ८३ प्रतिशत छ। अघिल्लो वर्षको सोही महिनामा यस्तो मुद्रास्फीति आठ दशमलव ५६ प्रतिशत थियो।

समीक्षा महिनामा खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति पाँच दशमलव ६६ प्रतिशत र गैर-खाद्य तथा सेवा समूहको मुद्रास्फीति सात दशमलव ७६ प्रतिशत छ।

समीक्षा महिनामा खाद्य तथा पेय पदार्थ समूह अन्तर्गत मरमसला उप-समूहको वार्षिक बिन्दुगत मूल्य सूचकाङ्क ३५ दशमलव २९ प्रतिशत, रेष्टुराँ तथा होटलको १४ दशमलव ३६ प्रतिशत, खाद्य तथा खाद्यजन्य पदार्थको १३ दशमलव ०६ प्रतिशत, दुग्ध पदार्थ तथा अण्डाको १० दशमलव ९८ प्रतिशत र सुर्तीजन्य पदार्थको आठ दशमलव ४९ प्रतिशतले बढेको छ भने घ्यू तथा तेल उप-समूहको वार्षिक बिन्दुगत मूल्य सूचकाङ्क १६ दशमलव ६० प्रतिशतले घटेको छ।

कूल विदेशी विनिमय सञ्चिति रू १४ खर्ब ८० अर्ब ८७ करोड र अमेरिकी डलरमा ११ अर्ब ३० करोड बराबर देखिएको छ। चालु आर्थिक वर्ष २०७९/८० को एघार महिनाको आयातलाई आधार मान्दा बैकिङ्ग क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चिति ११ दशमलव २ महिनाको वस्तु आयात र नौ दशमलव ६ महिनाको वस्तु तथा सेवा आयात धान्न सक्ने राष्ट्र बैंकले जनाएको छ।

यो अवधिमा विप्रेषण आप्रवाह नेपाली रुपैयाँमा २२ दशमलव ७ प्रतिशतले र अमेरिकी डलरमा १३ प्रतिशतले बढेको छ। त्यस्तै, आयात १६ प्रतिशतले, निर्यात २२ दशमलव सात प्रतिशतले र कुल वस्तु व्यापार घाटा १५ दशमलव दुई प्रतिशतले घटेको छ।

गत जेठ मसान्तसम्ममा सङ्घीय सरकारको खर्च रू ११ खर्ब ७६ अर्ब ७ करोड र राजस्व परिचालन रू ८ खर्ब ३६ अर्ब ८५ करोड रहेको छ। यस अवधिसम्मको विस्तृत मुद्राप्रदाय सात दशमलव आठ प्रतिशतले बढेको छ। वार्षिक बिन्दुगत आधारमा यस्तो मुद्राप्रदाय १० दशमलव नौ प्रतिशतले बढेको छ।

बैंक तथा वित्तीय संस्थाको निक्षेप संकलन आठ दशमलव आठ प्रतिशतले बढेको छ र निजी क्षेत्रमा प्रवाहित कर्जा तीन दशमलव चार प्रतिशतले बढेको छ। वार्षिक बिन्दुगत आधारमा निक्षेपको वृद्धिदर १२ दशमलव दुई प्रतिशत र निजी क्षेत्रमा प्रवाहित कर्जाको वृद्धिदर तीन प्रतिशत रहेको छ।

# अडियो प्रकरणबारे डा आरजुको झुठो भएको भनाई

काठमाडौँ, २५ असार (रासस)।

नेपाली कांग्रेसकी केन्द्रीय सदस्य तथा सांसद डा आरजु राणा देउवाले नक्कली भुटानी शरणार्थी प्रकरणको अनुसन्धान भइरहेका बेला आफूलाई जोडेर सार्वजनिक भएको अडियो झुट भएको बताउनुभएको छ।

उक्त अडियोको अनुसन्धान गर्न उहाँले प्रहरीमा दिएको उजुरीको छानबिनबाट पनि सो प्रमाणित भएको उहाँको भनाइ छ।

उक्त अडियो संवादमा एक व्यक्तिले अर्का कोही व्यक्तिसँग डा राणा र मञ्जु खाँडलाई रकम बुझाएको बताएका थिए। त्यो आवाज हाल अनुसन्धानमा रहेका डाडका सन्देश शर्माकै भएको अनुसन्धानबाट खुलेको प्रहरीले जनाएको छ।

सो अडियोको छानविन गर्न डा राणाले नेपाल प्रहरीको साइबर ब्युरोमा निवेदन दिनुभएको थियो। आफूलाई जोडेर 'फेक अडियो' बदनियतपूर्णरुपमा रेकर्ड गराइएको भन्दै सो अडियो कसले बनाएको हो र सामाजिक सञ्जालमा कसले राखेको हो भन्ने विषयको अनुसन्धान गरी दोषीमाथि कारबाही गरिपाउँ भन्दै उहाँले गत वैशाख २७ मा उजुरी दिनुभएको थियो।

सोही उजुरीका आधारमा अनुसन्धान गरेको प्रहरीले सो आवाज शरणार्थी प्रकरणका आरोपी सन्देश शर्माको आवाजको 'स्याम्पल'सँग मेल खाएको जानकारी आइतबार गराएको छ।

त्यही निवेदनमाथि अनुसन्धान गर्दा त्यो अडियो टिकटकमा कसले पहिलो पटक राखेको थियो भन्नेबारेमा भने टिकटक सिङ्गापुरसँग जानकारी मागेको तर प्राप्त नभएको पनि नेपाल प्रहरीका प्रवक्ता कुवेर कडायतले जानकारी दिनुभएको छ।

उता थुनमा रहेका अभियुक्त शर्माले गत वैशाख ४ गते नेपाल प्रहरीमा दिएको र अदालतमा दिएको बयान एउटै छ। तर आरजु राणाको नाम लिइएको सो अडियो सो बयानपछि मात्रै सार्वजनिक भएको थियो। त्यसपछि डा राणाले अनुसन्धानका लागि प्रहरीसमक्ष उजुरी दिएको बताउनुभयो।

उक्त निवेदनबारे गरेको अनुसन्धानमा सिआइबीले फोनमा बोल्ने सन्देश शर्माले बयानमा दिएअनुसार आफूलाई अनुकूल हुनेगरी मात्रै नाम लिएको तर डा राणालाई आफूले नचिनेको र यो काण्डमा उहाँको सम्बन्ध रहेको बारेमा आफूलाई थाहा नभएको बताएका थिए।

अभियुक्त सन्देश शर्माले काठमाडौँ जिल्ला अदालतमा दिएको बयानमा पैसा लिएका मानिसका कारण आफू समस्यामा परेकाले जाहेरवाला गजेन्द्र बुढाथोकी र रामकुमार रेग्मीले आरजु देउवा तथा बालकृष्ण खाँड र मञ्जु खाँडकोसमेत नाम लिई मैले रकम बुझाएको हो भन्नु भनेअनुसार नै उहाँहरूको नाम लिएको र आफूहरूले यस प्रकरणमा उहाँहरूलाई नचिन्ने बयान दिएका थिए।

प्रहरी अनुसन्धानबाट सो आवाज शर्मासँग मिलेको भए पनि आफूलाई लेनदेनका बारेमा केही थाहा नभएको भन्दै सांसद डा राणाले सो अडियो नै बदनियतपूर्णरुपमा आफूलाई यस मुद्दामा जबर्जस्ती तान्न गरिएको षड्यन्त्र हो भन्नुहुन्छ।

उहाँले राससससँग भन्नुभयो, "पहिले नै सो व्यक्तिले काठमाडौँ जिल्ला अदालतमा दिएको बयानमा आफूले आरजुलाई नचिनेको र नचिनेका व्यक्तिलाई कसरी पैसा दिनु भनेको कुरा स्पष्टरुपमा बाहिर आइसकेकाले यो अडियो जसले बनाएको वा सामाजिक सञ्जालमा राखेको भए पनि मलाई विवादमा ल्याउनका लागि रचिएको हो, यसमा मेरो कुनै पनि संलग्नता छैन।"

## 'अई बेर धानके...

लामदासम्म राम्ररी पानी नपरेर मुख्य बाली धान लगाउन नपाएपछि आम किसानले आफ्नो ठाउँलाई सुख्खा खडेरीग्रस्त घोषणा गरेर कृषिका अन्य अनुकूल प्याकेज अघि बढाउन माग गरेका छन्। "अब खडेरीग्रस्त क्षेत्र घोषणा गरी हामीलाई तत्काल राहत प्याकेज दिनुपर्‍यो, हाम्रा ऋणका भाखा थपीदिन सँगै ब्याज मिनाहा गर्न र अब गर्नसकिने खेतीबारे प्राविधिक परामर्श र आवश्यक सुलभ ऋण मिलाउन पर्छ" अखिल नेपाल किसान महासङ्घ महोत्तरीका संयोजक पर्शुराम ठाकुर भन्नुहुन्छ।


## बाढी/पहिरोबाट सतर्क रहौं।

- गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं।
- जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं।
- घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं।
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं।
- भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं।
- भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं। भु–क्षयबाट बचौं र बचाऔं।

जनहीतका लागि : राजविराज दैनिक


# विश्व समाचार

## चीनको पूर्वप्राथमिक विद्यालयमा आक्रमण, छ जनाको मृत्यु

बेइजिङ, असार २५ (रासस/सिन्ह्वा)।

दक्षिणी चीनको गुआङडोङ प्रान्तको एक पूर्वप्राथमिक (किन्डरगार्टेन) विद्यालयमा सोमबार भएको आक्रमणमा परी छ जनाको मृत्यु हुनुका साथै एक जना घाइते भएको सरकारी प्रवक्ताले बताएका छन्। मृत्यु हुनेमा एक शिक्षक, दुई अभिभावक र तीन विद्यार्थी रहेका छन्।

उहाँले लियानजियाङ सहरमा भएको आक्रमणमा प्रयोग भएका हतियार, पीडितको पहिचान र उमेरबारे विस्तृत जानकारी दिनुभएको छैन। "घटनामा सम्लग्न रहेको आरोपमा शङ्कास्पद एक जनालाई पक्राउ गरिएको छ," उहाँले भन्नुभयो। प्रहरीले घटनाको अनुसन्धान भइरहेको जनाएको छ।

स्थानीय प्रहरीले जारी गरेको विज्ञप्तिमा भनिएको छ, "शंकास्पद व्यक्ति वु नाम गरेका २५ वर्षीय पुरुष रहेका र उनको घटनासँगको सम्लग्नताबारे अनुसन्धान भइरहेको छ।" चाइना न्यूज नेटवर्कका अनुसार स्थानीय समयअनुसार ७:४० बजे उक्त घटना भएको हो। अपराधस्थल देखाउने दाबी गर्दै पैदल यात्रीहरूले खिचेको र पोष्ट भएका भिडियोहरू चीनमा प्रसिद्ध सामाजिक सञ्जाल वेइवोबाट हटाइएको छ। बन्दुकलाई कडाइका साथ नियन्त्रण गरिए पनि चीनले धारिलो हतियार प्रहार गरी हुने घटनालाई नियन्त्रण गर्न सङ्घर्ष गरिरहनुपरेको छ। हालैका दशकहरूमा अर्थतन्त्रमा वृद्धि भएको छ र धनी र गरीब बीचको खाडल तीव्र रूपमा फराकिलो भएको छ।

## आफ्नो हवाई क्षेत्र उल्लंघन गर्ने अमेरिकी जासुसी विमान खसाल्ने उत्तर कोरियाको चेतावनी

सियोल, असार २५ (रासस/सिन्ह्वा)।

उत्तर कोरियाले आफ्नो हवाई क्षेत्र उल्लङ्घन गर्ने कुनै पनि अमेरिकी जासुसी विमानलाई गोली हानेर खसाल्ने चेतावनी दिँदै कोरियाली प्रायद्वीपनजिकै आणविक क्षेप्यास्त्र पनडुब्बी तैनाथ गर्ने वासिङ्टनको योजनाको निन्दा गरेको छ। संयुक्त राज्य अमेरिकाले 'युद्धकालको स्तरभन्दा बढी जासुसी गतिविधिलाई तीव्र पारेको' उत्तर कोरियाको राष्ट्रिय रक्षा मन्त्रालयका एक प्रवक्ताले बताउनुभएको छ।

अमेरिकी जासुसी विमानहरूले यस महिना लगातार आठ दिनमा 'उत्तेजक' उडानहरू गरेका छन्। एउटा जासुस विमानले पूर्वी सागरमा उत्तर कोरियाको हवाई क्षेत्रमा 'धेरै पटक' घुसपैठ गरेको उत्तर कोरियाली अधिकारीले दाबी गरेका छन्। "अमेरिकी वायु सेनाको रणनीतिक जासुस विमान खसाल्ने जस्तो डरलाग्दो दुर्घटना कोरियाको पूर्वी सागरमा हुने छैन भन्ने कुनै ग्यारेन्टी छैन," प्रवक्ताले कोरियन सेन्ट्रल न्यूज एजेन्सीलाई उद्धृत गरेको विज्ञप्तिमा भनिएको छ।

प्रवक्ताले प्योङयाङले अमेरिकी विमान खसालेको विगतका घटनाहरूको हवाला दिँदै अमेरिकाले आफ्नो हवाई जासुसीको मूल्य चुकाउने चेतावनी दिए। वक्तव्यमा कोरियाली प्रायद्वीपमा अमेरिकी रणनीतिक आणविक सम्पत्ति तैनाथ गर्ने योजनालाई उत्तर कोरियाका लागि 'सबैभन्दा अघोषित आणविक ब्ल्याकमेलिङ' को संज्ञा दिँदै यसले क्षेत्रीय र विश्वव्यापी सुरक्षाका लागि गम्भीर खतरा उत्पन्न गरेको उल्लेख गरिएको छ।

"अमेरिकी उत्तेजक सैन्य कारबाहीका कारण कोरियाली प्रायद्वीपको अवस्था आणविक द्वन्द्वको संघारमा पुगेको वर्तमान अवस्थाले स्पष्ट रुपमा प्रमाणित गरेको छ," विज्ञप्तिमा भनिएको छ। वासिङ्टनले गत अप्रिलमा दक्षिण कोरियाको बन्दरगाहमा दशकौंपछि पहिलो पटक भ्रमण गर्न आणविक हतियारले सुसज्जित ब्यालेस्टिक पनडुब्बी पठाउने घोषणा गरेको थियो। उत्तर कोरियाले यस वर्ष आफ्नो सबैभन्दा शक्तिशाली अन्तरमहादेशीय ब्यालेस्टिक क्षेप्यास्त्रको परीक्षण गर्ने र मे महिनामा सैन्य जासुसी उपग्रहलाई कक्षमा स्थापित गर्ने प्रयाससहित धेरै प्रतिबन्धहरू तोड्ने प्रक्षेपणहरू गरेको छ।

दक्षिण कोरियाका राष्ट्रपति युन सुक येओलले वासिङ्टनसँग प्रतिरक्षा सहकार्यलाई बढावा दिनुभएको छ र उन्नत स्टील्थ जेट र उच्च प्रोफाईल अमेरिकी रणनीतिक सम्पत्तिको साथ संयुक्त सैन्य अभ्यासको आयोजना गरेका छन्। उत्तर कोरियाको बढ्दो आणविक र क्षेप्यास्त्र खतराबारे नेटो सदस्य राष्ट्रसँग बलियो सहकार्यको माग गर्दै युन यसै साता लिथुआनियामा हुने नेटो शिखर सम्मेलनमा सहभागी हुने उहाँको कार्यालयले जनाएको छ।

## तेईस अफगानीको आप्रवासी तस्करबाट उद्धार

लिमा, असार २५ (रासस/सिन्ह्वा)।

पेरूका अधिकारीहरूले ब्राजिलसँग सीमा जोडिएका आप्रवासी तस्करहरूबाट आइतबार २३ जना अफगानीलाई उद्धार गरेको पेरूको महान्यायाधिवक्ताको कार्यालयले जनाएको छ। इक्वेडर जाने प्रयास गरिरहेका ती आप्रवासीले मानव तस्करलाई पैसा तिरेर उनीहरूलाई देश भरि र उत्तरी सीमासम्म पुर्‍याएको अभियोजनकर्ताहरूले बताएका छन्।

तर पेरू-ब्राजिल सीमामा पर्ने माद्रे दे डायोस विभागको इनापारी गाउँमा उनीहरूले आफ्नो पैसा ठगेर एउटा घरमा अलपत्र छोडेको सरकारी वकिलको कार्यालयले जारी गरेको विज्ञप्तिमा उल्लेख छ। उनीहरूलाई खाना र उचित बासको प्रबन्ध नगरिकन सबै जनालाई एउटै घरमा छोडिएको विज्ञप्तिमा उल्लेख छ।

यसरी त्यहाँ छोडिएकामध्ये दुई महिनाको शिशुसहित चार जना वालवालिकाको मृत्यु भएको महान्यायाधिवक्ताको कार्यालयले जनाएको छ। अभियोजनकर्ताहरूले आप्रवासीहरूले तस्करहरूलाई कति रकम तिरेका थिए भन्ने बारे केही बताएका छैनन्। इक्वेडरसँगको पेरूको उत्तरी सीमा नजिकैको टम्बेस शहरमा जानुअघि अफगानीहरूलाई क्षेत्रीय शहरमा स्थानान्तरण गरिने र त्यसपछि राजधानी लिमामा लगिने विश्वास दिलाइएको थियो।

# डेङ्गीको सङ्क्रमण फैलिन नदिन विज्ञहरूको सुझाव

काठमाडौं, २५ असार (रासस)।

पछिल्लो चार महिनामा एक हजार एक सय ९२ जना सङ्क्रमित र एक जनाको मृत्यु भएसँगै डेङ्गीको सङ्क्रमणबाट बचन विज्ञहरूले सुझाव दिनुभएको छ।

सोमबार यहाँ 'डेङ्गी रोगको रोकथाम तथा नियन्त्रण सम्बन्धमा' सम्बन्धी अन्तरक्रियामा इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका निर्देशक डा रुद्र मरासिनीले डेङ्गीको सङ्क्रमण बढेको र जतिबेला पनि महामारी फैलन सक्ने भन्दै सचेत गराउनुभयो। डेङ्गी सङक्रमणको तथ्याङ्क प्रस्तुत गर्दै उहाँले भन्नुभयो, "असार २३ गतेसम्म एक हजार एक सय ९२ जनामा डेङ्गी सङ्क्रमण देखिएको छ। महामारी जतिबेला पनि फैलिन सक्छ। महामारी फैलिन नदिन हामी सबैले डेङ्गी नियन्त्रण र रोकथामका लागि प्रयास बढाउनुपर्छ।"

उहाँका अनुसार तथ्याङ्कमा समावेश हुन नसकेका सङ्क्रमितको सङ्ख्या धेरै छ। "हाम्रो रेकर्डमा धेरै रिपोर्टिङ भएको छैन। लक्षण नदेखिएका बिरामी बाहेक निजी अस्पताल वा स्वास्थ्य संस्थामा जाने बिरामीको सङ्ख्या तथ्याङ्कमा समावेश हुन सकेको छैन। त्यसकारण पनि सङ्क्रमितको सङ्ख्या तथ्याङ्कमा भन्दा धेरै भएको हाम्रो आकलन हो", उहाँले भन्नुभयो।

स्वास्थ्य सेवा विभागका महानिर्देशक दीपेन्द्ररमण सिंहले विभागले तीनै तहको सरकारसँग डेङ्गी नियन्त्रणका लागि सहकार्य गरिरहेको बताउनुभयो। उहाँले डेङ्गीको सङ्क्रमण बढ्दै गए पनि सामान्य दैनिकीमा ख्याल गर्दा यसको जोखिम कम हुने बताउनुभयो। उहाँले भन्नुभयो, "घर होस् वा कार्यालयमा डेङ्गी सङ्क्रमण फैलाउने लामखुट्टेको फुल पार्न सक्ने ठाउँ नष्ट गर्ने तथा गमला, टायर वा कुनै पनि खुला भाँडामा पानी जम्न नदिने।"

एडिस लामखुट्टेको टोकाइबाट मानिसमा सर्ने भाइरल सङ्क्रमण, डेङ्गीको सेरोटाइप प्रत्येक बर्ष परिवर्तन हुने गरेको छ। एडिस जातको लामखुट्टेको अण्डा एक वर्षसम्म जीवित रहन्छ। यो लामखुट्टे दिउँसोको समयमा समेत बढी सक्रिय हुने गर्दछ। इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाले स्थानीय तहका सरकारसँगै सरोकारवाला निकायसँगको सहकार्यमा 'लामुखट्टेको बासस्थान खोज र नष्ट गर' अभियान सञ्चालन गर्दै आएको छ।

**डेङ्गीको सङ्क्रमणको अवस्था**

विसं २०६१ मा पहिलो पटक डेङ्गी देखापरेको थियो। त्यसयता क्रमशः बढ्दै गएको तथ्याङ्कले देखाउँछ। सन् २०१० मा पहिलो पटक नौ सय १७ जनामा डेङ्गीको सङ्क्रमण देखिएको थियो भने पाँच जनाको मृत्यु भएको थियो। सन् २०१९ मा १७ हजार नौ सय ९२ सङ्क्रमित र छ जनाको मृत्यु भएको थियो। गत वर्ष सन् २०२२ मा ५४ हजार सात सय ८४ डेङ्गीका बिरामी देखिएका थिए। सङ्क्रमितमध्ये ८८ जनाको मृत्यु भएको थियो। बागमती प्रदेशमा ७७ प्रतिशत डेङ्गीका बिरामी भेटिएका थिए। त्यसमा पनि काठमाडौं उपत्यकामा सबैभन्दा धेरै ५६ प्रतिशत डेङ्गी सङ्क्रमित रहेको इपीडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको तथ्याङ्कले देखाएको छ।

**डेङ्गीको लक्षण र उपचार**

वरिष्ठ कन्सलटेन्ट डा बिमल चालिसेका अनुसार डेङ्गीको मुख्य लक्षण एक्कासि उच्च ज्वरो आउने र पाँचदेखि छ दिनसम्म ज्वरो रहने हुन्छ। उहाँका अनुसार आँखाको गेडी दुख्ने, ढाड, जोर्नी तथा मांसपेशी दुख्ने, वाकवाकी लाग्ने, बान्ता हुने र ज्वरो आएको पाँच दिनपछि रातो बिमिरा देखापर्ने लक्षण देखिन सक्छ। उहाँले डेङ्गी सङ्क्रमण भएका ८० प्रतिशतलाई लक्षण नदेखिने र पाँच प्रतिशत गम्भीर बिरामी हुने बताउनुभयो। उहाँले भन्नुभयो, "डेङ्गीको कुनै खास उपचार छैन। लक्षणका आधारमा उपचार गरिन्छ। पारासिटामोलको प्रयोग गर्ने भए पनि आइब्रुफेन र एस्पिरिन जस्ता औषधिको प्रयोग गर्न हुँदैन।" गम्भीर डेङ्गुका बिरामीलाई तत्कालै अस्पताल भर्ना गर्न उहाँले सुझाव दिनुभयो।

# पाँच वर्षमा चटचाङका कारण ४१९ जनाको ज्यान गयो

काठमाडौं, २५ असार (रासस)।

पछिल्लो पाँच वर्षमा चटचाङका कारण चार सय १९ जनाले ज्यान गुमाएका छन् भने रु छ करोडभन्दा बढी आर्थिक क्षति भएको राष्ट्रिय विपद् जोखिम तथा न्यूनीकरण प्राधिकरणले जानकारी दिएइको छ।

प्राधिकरणका अनुसार २०७५ सालदेखि हालसम्म सबैभन्दा बढी कोशी प्रदेशमा एक सय आठ र सबैभन्दा कम कर्णाली प्रदेशमा २५ जनाले चटचाङका कारण ज्यान गुमाएका छन्। चटचाङका कारण लुम्बिनी प्रदेशमा ७६, मधेस प्रदेशमा ६९, बागमती प्रदेशमा ६२, सुदूरपश्चिम प्रदेशमा ४३ र गण्डकी प्रदेशमा ३६ जनाले ज्यान गुमाएका छन्।

सो अवधिमा चटचाङका कारण रु छ करोड आठ लाख ८५ हजार सात सय ६० बराबरको आर्थिक क्षति भएको छ। जसमध्ये सबैभन्दा बढी कोशी प्रदेशमा अनुमानित रु दुई करोड ७९ लाख ३४ हजार पाँच सय र सबैभन्दा कम कर्णाली प्रदेशमा रु २३ लाख ९२ हजार चार सय ३० को क्षति पुगेको प्राधिकरणले जनाएको छ।

लुम्बिनी प्रदेशमा रु ९२ लाख ३८ हजार तीन सय ३०, बागमती प्रदेशमा रु ७९ लाख ८२ हजार, मधेस प्रदेशमा रु ५९ लाख ७९ हजार, गण्डकी प्रदेशममा रु ४९ लाख ३६ हजार पाँच सय र सुदूरपश्चिम प्रदेशमा रु २४ लाख ३३ हजार बराबरको आर्थिक क्षति पुगेको छ।

चटचाङका कारण मुलुकभर कूल ५७ वटा भौतिक पूर्वाधार क्षति पुगेको छ। जसमा सबैभन्दा बढी लुम्बिनी प्रदेशमा १५ र सबैभन्दा कम गण्डकी प्रदेशमा ४ क्षति भएको छ। कोशी प्रदेशमा १४, कर्णाली प्रदेशमा सात, मधेस र बागमती प्रदेशमा छ/छ र सुदूरपश्चिम प्रदेशमा पाँच वटा पूर्वाधारमा क्षति पुगको छ।

सो अवधिमा कूल तीन हजार एक सय ८७ वटा पशुचौपायाकोक्षति पुगेको छ। जसमध्ये कर्णाली प्रदेशमा एक हजार पाँच सय चार, मधेस प्रदेशमा ३५, सुदूरपश्चिम प्रदेशमा आठ सय ४७, कोशी प्रदेशमा दुई सय ८९, गण्डकी प्रदेशमा दुई सय ६९, लुम्बिनी प्रदेशमा एक सय ७१ र बागमती प्रदेशमा ७२ वटा पशुचौपायामा क्षति भएको छ।

# विदेश भ्रमणमा नेपालीले सकाए एक खर्ब १९ अर्ब

काठमाडौं, २५ असार (रासस)।

नेपाल भ्रमण गर्न आउने विदेशी पर्यटकले भन्दा विदेश घुम्न जाने नेपालीले बढी खर्च गरेको पाइएको छ।

नेपाल राष्ट्र बैंकले सोमबार सार्वजनिक गरेको देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति प्रतिवेदनमा चालु आर्थिक वर्षको जेठसम्ममा विदेश भ्रमणमा जाने नेपालीले रु एक खर्ब १९ अर्ब ९९ करोड खर्च गरेका छन्। गत वर्षको तुलनामा यस्तो खर्च ३७ दशमलव नौ प्रतिशतले बढी हो। गत आवको सोही अवधिमा नेपालीले विदेश भ्रमणमा रु ८७ अर्ब तीन करोड बराबर खर्च गरेका थिए।

सोही अवधिमा नेपाल भ्रमण गर्ने विदेशी पर्यटकबाट जम्मा रु ५८ अर्ब छ करोड आम्दानी भएको छ। जुन अघिल्लो आवको सोही अवधिको तुलनामा ९४ दशमलव तीन प्रतिशतले बढी हो। गत वर्षको सोही अवधिमा विदेशी पर्यटकबाट रु २९ अर्ब ८८ करोड आम्दानी भएको थियो।

यस्तै विदेश अध्ययन गर्न जाने नेपाली विद्यार्थीले समीक्षा अवधिमा रु ८९ अर्ब १८ करोड बाहिर लगेका छन्। गत वर्षको सोही अवधिमा यस्तो खर्च रु ५९ अर्ब ९९ करोड बराबर थियो।

# सरकारी खाता रोक्का

काठमाडौं, २५ असार (रासस)।

देशभरका सरकारी खाता रोक्का गरिएको छ। महालेखा नियन्त्रकको कार्यालयले आइतबार राति १२ बजेदेखि सङ्घ, प्रदेश र स्थानीय तहको खाता रोक्का गरेको हो।

महालेखाको यही असार १० गते जारी सूचनाअनुसार गएराति १२ बजेदेखि प्रदेश र स्थानीय तहको यो आर्थिक वर्षको कारोबार बन्द भएको महालेखा नियन्त्रक कार्यालयका सूचना अधिकारी गायत्रीरमण खनालले जानकारी दिनुभयो।

उहाँका अनुसार गए रातिदेखि कुनै पनि रकम भुक्तानी लिन पाइने छैन। प्रदेश र स्थानीय तहको प्रणालीबाट एक सातासम्म नयाँ रकम भुक्तानी हुने छैन।

राति १२ बजेसम्म प्रणालीमा खर्च देखाएर जारी भएका चेक सोमबार पनि साटिन सक्नेछन्। तर कानुनअनुसार सोमबारबाट नयाँ चेक जारी गर्न भने नपाइने सूचना अधिकारी खनालले बताउनुभयो।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३० ले आर्थिक वर्ष समाप्त हुनुभन्दा एक साताअघि भुक्तानी निकासा बन्द गर्नुपर्ने व्यवस्था गरेको छ।

## विभिन्न विपद्को समयमा सतर्क रहौं

**चट्याङको समयमा**

१. बिजुली चम्केको बेला सतर्क रहने।
२. बिद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो बस्तु नछुने।
३. बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने।
४. सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बस्ने।
५. खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने।
६. सकभर अग्लो स्थानमा बस्ने।
७. धातुको ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने।

**भुकम्पको समयमा**

१. भुकम्प आएको बेला सतर्क रहने।
२. घरबाहिरको सुरक्षित स्थानमा पुग्न नभ्याइने हुनसक्छ। तुरुन्तै खाट, टेबुल, ढोकामुनी तथा घरभित्रकै अन्य सुरक्षित स्थानमा बस्ने।
३. अग्ला र कमजोर घर बिजुलीका खम्बा, ट्रान्सफर्मर, रुख तथा अन्य संरचनाहरु ढल्न सक्ने हुँदा त्यसबाट बच्ने।
४. भुईचालो थामिए पनि फेरि दोहरीन सक्ने हुँदा परिवारका सदस्य, मुल्यवान बस्तु संकटकालिन झोला आदी लिएर सुरक्षित स्थानमा निस्कने र उद्दार कार्यमा जुट्ने।
५. उपचारको व्यवस्था तत्कालिन राहत तथा उद्दार कार्यमा थप सहयोगका लागि भुईचालोबाट क्षतिको सम्बन्धीत निकायमा तुरुन्त खबर गर्ने।

**आगलागिको समयमा**

१. आगलागिको बेला सतर्क रहने।
२ आगलागि नियन्त्रणको लागि घर बनाउँदा, बिद्युतीय वायरिङ गर्दा, भान्सा बनाउँदा, ग्यास, सलाई लाइटर चलाउँदा, चुरोट तान्दा, धुपबत्ति बाल्दा ध्यान पुऱ्याउने।
३. आगलागि नियन्त्रणको लागि चाहिने अग्निसमय Fire Extinguisher लगायतका आवश्यक संसाधनहरु तयारी अवस्थामा राख्ने।
४. भवन वा अन्य भौतिक संरचना निर्माणमा उपयुक्त स्थलगत योजना तयार गरी गुणस्तरीय निर्माण सामाग्रिको प्रयोग गर्ने।
५.आगलागिका सम्भावित क्षेत्रमा क्षति न्युनिकरण गर्नको लागि जोखिम क्षेत्रको नक्साङकन गरी सामाजिक जनचैतना अभिबृद्धि गर्ने।

**आकस्मिक सम्पर्क नम्बर : जिल्ला आपतकालिन कार्य संचालन केन्द्र सप्तरी -०३१५३३७६२**

**जनहीतका लागि जारि सन्देश : राजविराज दैनिक**


**डा. कालीप्रसाद यादव**
MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
**हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज**

**डा. रिपला आचार्य**
MBBS, MD (BPKIHS) NMC NO. 19992
**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**
डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ।
**सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी**
हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।
हाम्रो सेवाहरु→
ipay remit
CITY EXPRESS MONEY TRANSFER
Best Remit Quick & Easy
PRABHU Money Transfer
प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit
हिमालरेमिट
CG Money
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*